नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद्

सानोठिमी, भक्तपुर, नेपाल
(..................................................शाखा)

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२
सानोठिमी, भक्तपुर

प.सं.:
च.नं.:

मिति: २०८२।०८।१४

विषयः अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस २०२५ मनाउन सार्वजनिक अनुरोध।

नेपाली युवाको सर्वाङ्गीण विकास गरी राष्ट्र निर्माणमा परिचालन गर्ने प्रमुख उद्देश्यका साथ स्थापना भएको राष्ट्रिय युवा परिषद्ले स्थापना कालदेखि नै युवाको नेतृत्व विकास, क्षमता विकास,उद्यमशिलता र नवप्रवतर्नमा केन्द्रित भई युवा जागरण र सशक्तीकरणको पक्षमा निरन्तर काम गर्दै आएको छ।

सुविधा नलिई वा न्युनतम सुविधामा गरिने कल्याणकारी कार्य र सेवाको भावनाले कुनै कार्य वा गतिविधिमा स्वेच्छाले हुने संलग्नता नै स्वयंसेवा हो। युवालाई स्वयंसेवकीय भावनाको विकास गराउने उद्देश्यका साथ हरेक वर्ष संयुक्त राष्ट्रसंघको आह्वानमा विश्वव्यापी रुपमा डिसेम्बर ५ का दिन अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस मनाउने प्रचलन छ। यसै सन्दर्भमा सन् २०२५ का लागि संयुक्तराष्ट्रसंघले तय गरेको " Every Contribution Matter " हरेक योगदान महत्वपूर्ण भन्ने आदर्श वाक्य सहित रही यहि २०८२ साल मंसिर १९ तदनुसार December 5, 2025 का दिन आ-आफ्नो प्रदेश तथा स्थानीय तहहरूमा स्वयंसेवक विकास तथा परिचालनसम्बन्धी विविध कार्यक्रम आयोजना गरी प्रेरणादायी रुपमा स्वयंसेवक दिवस मनाउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ।

स्वयंसेवकसम्बन्धी ब्रोसियर यसैसाथ सम्लग्न छ।

२०८२।०८।१४
गेहनाथ गौतम
प्रशासकीय प्रमुख

वेबसाइटः www.nyc.gov.np, इमेलः info@nyc.gov.np, ☎: 6630193 (फ्याक्स)
☎: 6638152 (कार्यकारी उपाध्यक्ष), ☎: 6635133 (प्रशासकीय प्रमुख), ☎: 6631276 (सहायता कक्ष),

## १. परिचय

प्रज्ञा नेपाली बृहत शब्दकोशले स्वयंसेवा शब्दको अर्थ 'सुविधा नलिई वा न्युनतम सुविधामा गरिने कल्याणकारी कार्य र सेवाको भावनाले कुनै कार्य वा गतिविधिमा स्वेच्छाले हुने संलग्नता' तथा 'आफ्नै इच्छाले कुनै सेवा कार्यमा लाग्ने व्यक्ति वा लोकहितकारी सङ्गठन वा संस्थामा अवैतनिक रूपले काम गर्ने व्यक्ति' भन्ने जनाएको छ । संस्कृत भाषामा स्वयंको अर्थ आफैँ भएकाले स्वयंसेवा भन्नाले आफैँले गर्ने सेवा मानिन्छ । पूर्वीय धर्म, दर्शनमा 'परोपकार: पुण्याय पापाय परपीडनम' भनेर अरूप्रति सद्भाव सहयोग र उपकार गर्ने अशल संस्कार रहेको छ । अंग्रेजी शब्द भोलेयन्टयरको अर्थ a person who does a job without being paid for it, to offer to do something without being forced to do it भन्ने रहेको छ ।

स्वयंसेवाको अर्थ सुविधा नलिई वा न्यूनतम मात्र लिएर स्वेच्छाले गरिने कल्याणकारी काम भन्ने बुझिन्छ । यसकारण समुदायमा स्वच्छ भावले काम गर्नु र समुदायमा परेका समस्याहरुलाई समाधान गर्नु तथा कसैलाई समस्या परेको समयमा सहयोग गर्नु स्वयंसेवा हो । गाउँघरमा बाल क्लव, युवा क्लव, गुठी, उपभोक्ता समिति जस्ता विभिन्न नाममा गाउँ टोलको बाटो घाटो सफा गर्नेदेखि लिएर समुदायमा केही समस्या पर्दा निःशुल्क रूपमा काम हुँदै आएको छ । विश्वयुध्दका घाइतेहरूलाई पक्ष विपक्ष नभनी रातभरि बत्ती बालेर घाइतेहरूको घाउमा मलमपट्टी लगाउने नाइटिंगेलको प्रशंसा हुँदै आएको छ । संस्थागत शर्त वा संगठित व्यवस्थापनमा हुने स्वयंसेवा आवधिक र स्वयंसेवकले प्राप्त गर्ने गरी केही सुविधा पनि हुने सक्छ । स्वतन्त्र रूपमा गरिने स्वयंसेवा स्वेच्छिक र आकस्मिक हुनसक्छ ।

## २. नेपालमा स्वयंसेवाको अभ्यास

नेपालमा संस्थागत रूपमा वि.सं. २०३४ सालमा सामाजिक सेवा राष्ट्रिय समन्वय परिषद्को स्थापना भयो । अहिले पनि भूकम्प, बाढी–पहिरो जस्ता प्राकृतिक र मानवीय विपत्तिमा आउँदा स्वयंसेवकको ठूलो भूमिका रहँदै आएको छ । भूकम्प, बाढी, पहिरो, आगलागीका घटनामा संगठित वा असंगठित समूह, समुदायहरू र अन्तर्राष्ट्रिय समूह समेत सेवामा खटिदै आएको देखिन्छ । नेपालमा पाटी–पौवा निर्माण, महागुठी, परोपकार संस्था, नेपाल स्काउट र नेपाल रेडक्रसबाट स्वयंसेवी भावनाका साथ कार्यहरू हुँदै आएको छ ।

## ३. अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस

संयुक्त राष्ट्र सङ्घले १९८५ मा घोषणा गरे अनुसार प्रत्येक वर्ष डिसेम्बर ५ का दिन आर्थिक र सामाजिक विकासका लागि अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस मनाइन्छ । संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरु लगायत संसारभर नै विभिन्न कार्यक्रम गरेर स्वयंसेवक दिवस मनाउने चलन छ । यस दिनले संसारभरका स्वयंसेवकहरू मार्फत भएको आर्थिक र सामाजिक विकासतर्फको महत्त्वपूर्ण योगदानलाई मान्यता र सम्मान प्रदान गर्दछ । यस दिवसलाई स्वयंसेवक गतिविधिहरूको प्रवर्द्धन गर्ने र थप मानिसहरूलाई सामुदायिक सेवामा सहभागी हुन प्रोत्साहन गर्ने अवसरका रूपमा लिने गरिन्छ । यस वर्ष **"Every Contribution Matters."** *(हरेक योगदान महत्वपूर्ण)* भन्ने आदर्श वाक्यसहित अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस मनाइदै छ । यसको अर्थ हरेकले गरेका साना ठूला योगदानको उत्तिकै महत्व हुन्छ भन्ने रहेको छ । संयुक्त राष्ट्र संघले सन् २०२६ लाई अन्तर्राष्ट्रिय स्वयंसेवक वर्ष मनाउने घोषणा गरेको छ ।

## ४. स्वयंसेवाका केही क्षेत्रहरू

- बाढी, पहिरो, भूकम्प र आगलागी जस्ता विपत्तिमा सहायता
- पूर्वाधार विकास तथा संरक्षण
- सार्वजनिक स्थल, सम्पदा वा मठ मन्दिरको सरसफाइ
- यातायात तथा ट्राफिक व्यवस्थापन
- वृक्षारोपण तथा वातावरण संरक्षण
- जलवायु परिवर्तनका असर न्यूनीकरण तथा अनुकुलन क्षमता अभिवृद्धि
- असहाय मानव तथा प्राणीको संरक्षण
- कानुनी परामर्श तथा नागरिक सचेतना अभिवृद्धि
- सामुदायिक शिक्षा, बाल शिक्षा र परामर्श
- स्वास्थ्य तथा मनोपरामर्श
- ज्येष्ठ नागरिक संरक्षण तथा सामाजिक सुरक्षा
- कृषि सेवा, पशु सेवा, वन र जडिबुटी संरक्षण
- दिगो विकास तथा हरित सिप संरक्षण
- उद्यमशिलता तथा स्वावलम्बन विकास
- इञ्जिनियरिङ तथा अन्य प्राविधिक क्षेत्रहरु
- आवधिक, विषयगत तथा वार्षिक योजना तर्जुमा आदि



## ५. स्वयंसेवकका सामान्य जिम्मेवारी

- स्वयंसेवाको कार्य विवरणअनुसार जिम्मेवारी वहन
- नेपाल सरकारको प्रचलित कानून र प्रचलित असल मान्यताको पालना
- स्वयंसेवकको आचारसंहिता पालना
- उद्देश्य प्राप्तिमा तल्लीन रहने
- आफ्नो दक्षता अभिवृद्धिका लागि प्रयत्नशील रहने
- सहिष्णु भावना र सदाचार
- आफूले दिएको सेबाको अभिलेखन
- सेवाग्राहीको विश्वास, विचार तथा अधिकारको सम्मान
- संस्थागत स्वयंसेवा भएमा संस्थाको उद्देश्य र कार्य पद्धति
- स्वयंसेवाको उच्च आदर्शले प्रेरित
- जाँगरिलो र मिहिनेतपूर्वक कार्य
- विद्यमान कुरीति र अन्धविश्वासको विरुद्ध जनचेतना अभिवृद्धि ।

## ६. वर्तमान अवस्था र आवश्यकता

नेपालको संविधानको धारा ४८ मा नागरिकाका चारओटा कर्तव्य मध्ये राज्यले चाहेका वखत अनिवार्य सेवा गर्नुपर्ने पनि रहेको छ । ३१ ओटा मौलिक हकहरूको कार्यान्वयनमा राज्यका हरेक नागरीकको स्वयंसेवकीय भूमिका स्वत अपेक्षित देखिन्छ ।

आवधिक योजनाले स्वयंसेवकीय भावनाको प्रवर्धनमा र युवा विकासमा जोड दिएको छ । राष्ट्रिय युवा नीति २०८२ ले युवालाई सक्षम र जिम्मेवार बनाई राष्ट्र निर्माणमा युवाको सार्थक सहभागिता र भूमिका बढाउने ध्येय लिएको छ । यसै गरी आ.व. २०८२।०८३

को बजेट तथा कार्यक्रमको बुँदा नं. १९१ मा 'राष्ट्रिय युवा परिषद्को समन्वयमा १६ वर्षमाथिका युवालाई निश्चित मापदण्डका आधारमा राष्ट्रिय स्वयंसेवक परिचयपत्र प्रदान गरिनेछ । उनीहरूलाई तालिम तथा प्रशिक्षणबाट योग्य बनाई शिक्षा, स्वास्थ्य, सामाजिक जागरण, वातावरण संरक्षण, विपद्या उद्धार, राहत र पुनर्स्थापनाका लागि परिचालन गरिनेछ' भन्ने कार्यक्रम समावेश छ । राष्ट्रिय युवा परिषदबाट विगत वर्षहरूदेखि नै विभिन्न क्षेत्रको सहभागिता र साझेदारीमा स्वयंसेवक विकास तथा परिचालनका कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ। नेपाल स्काउटबाट स्वयंसेवक परिचालन हुँदै आएको छ । महिला स्वास्थ्य स्वयंसेविका अभ्यास नेपालको एक उपलब्धिमूलक अभियान हो । यसका साथै विभिन्न सरकारी तथा गैरसरकारी निकायहरू, सामाजिक संघ संस्थाहरू एवम् इच्छुक स्वदेशी तथा विदेशी नागरिकबाट विविध क्षेत्रमा स्वयंसेवा हुँदै आएको छ ।

पछिल्लो समय मानिसहरू बढी व्यक्तिवादी बन्दै आएकाले स्वयमसेवाप्रति युवाहरुको आकर्षण घट्दै गएको महशुस हुँदै आएको छ । यस्तो अवस्थामा सुधार गरी सामाजिक भावना विकास गर्ने नि:शुल्क सामाजिक सेवा गर्ने र आत्मसन्तुष्टीलिन सक्ने भावनाको पुन: विकास गर्न आवश्यक छ। अरूबाट मागेर मात्र गरिने प्रचारमुखी समाजसेवा र अझ समाजसेवा वा स्वयंसेवाका नाममा जीवन निर्वाह गर्ने सोच मा समेत सुधार गरी विपद, कठिन अवस्था र सहयोगापेक्षी मानव वा पशुपंक्षीउपर स्वयंसेवी भावनाबाट काम गर्ने स्वच्छ भावनाको विकास आवश्यक छ।



**यस अवसरमा मंसिर १९ गते (डिसेम्बर ५ तारिख)का दिन राष्ट्रिय युवा परिषदले ६० जना ट्राफिक स्वयंसेवक विकास गरी उपत्यका ट्राफिक प्रहरी कार्यालयको समन्वयमा विभिन्न स्थानमा परिचालन गरिने छ ।**

## ७. उपसंहार

स्वयंसेवा सामाजिक क्षेत्रको विशिष्ट अङ्ग भएको तथा जटिल परिस्थितिमा पनि स्वस्फूर्तरूपमा तत्कालै सहयोग पुऱ्याउने हुँदा यो कार्य पारदर्शी हुनुपर्छ। पछिल्लो समयमा सूचना र प्रविधिको बढ्दो प्रयोग, विदेश पलायन र उपभोगमुखी प्रवृत्ति र स्व प्रतिस्पर्धाको भावना बढ्दै आएको छ। यसले युवा पुस्तामा संगठित स्वयंसेवाप्रति रुची घट्दै गएको देखिन्छ । नेपालमा स्वयंसेवाको भावना मानिसहरूमा कम हुँदै आएको पाइन्छ । स्वयंसेवाप्रति उर्जाशील युवाको आकर्षण बढाउनका लागि तीनै तहका सरकार, विकास साझेदार तथा हर क्षेत्रबाट सामुहिक प्रयत्न हुन आवश्यक छ। सबैमा गच्छेअनुसारको स्वयंसेवी भावनाबाट नै मुलुकको समृद्धि र विकास एवम् सामाजिक सहिष्णुता, पारस्परिक सहयोग र भाइचारा सम्बन्ध सुदृढ हुन सहयोग पुग्नेछ । तसर्थ अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस २०२५ का अवसरमा Every contribution Matters अर्थात् *'हरेक योगदान महत्वपूर्ण'* भन्ने विश्वव्यापी आदर्श वाक्य अनुसरण गर्दै आम नेपाली नागरिकलाई आफ्नो रूची र दक्षता भएको क्षेत्रमा सहयोगी तथा स्वयंसेवकीय भावनाका साथ स्वेच्छिक सेवा गर्ने कर्तव्यप्रति सचेत रहन र सामाजिक सहिष्णुता एवम् आत्मसंम्मानको संरक्षण र सम्वर्धन गर्न राष्ट्रिय युवा परिषद हार्दिक अपील गर्दछ।



Local Youth Actions for the SDGs and Beyond
"दिगो विकास र सुनौलो भविश्यको सार: स्थानीय युवाको सहभागिता समृद्धिको आधार''

राष्ट्रिय युवा परिषद्-नेपाल
२०७२

नेपाल सरकार
युवा तथा खेलकुद मन्त्रालय

# राष्ट्रिय युवा परिषद

सानोठिमी भक्तपुर



**Every Contribution Matters**
(हरेक योगदान महत्वपूर्ण)

# अन्तर्राष्ट्रिय स्वयंसेवक दिवस २०२५


फोन नं.: ०१-६६३८१५२, ६६३५१३३/६६३५८३५
फ्याक्स नं: +९७७-६६३०१९३
वेभसाइटः www.nyc.gov. np,
इमेलः info@nyc.gov.np
नोटिसबोर्ड सेवाः १६१८०१६६३५८३५